बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

श्रीपुर,कञ्चनपुर

पत्र संख्याः२०७७/७८
चलानी नं. 1460

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०७७/११/२८

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

**श्री शाखाहरू (सबै), बेलौरी नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।**
**श्री वडा कार्यालयहरू (सबै), बेलौरी नगरपालिका, कञ्चनपुर ।**

मिति २०७७/११/२६ गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरू यसैसाथ संलग्न छन् । आवश्यक जानकारी लिनुहुन र तहाँ वडा कार्यालय/ शाखासँग सम्बन्धित निर्णय कार्यान्वयन गर्नको लागि तदारुकताका साथ लाग्नुहुन समेत यसै पत्रसाथ अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

**श्री प्रमुखज्यू, बेलौरी नगरपालिका, कञ्चनपुर ।**
**श्री उपप्रमुखज्यू, बेलौरी नगरपालिका, कञ्चनपुर ।**

बेलौरी नगरपालिका, श्रीपुर, कञ्चनपुर

नगर कार्यपालिकाको बैठक

मितिः २०७७/११/२६ गते

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय श्रीपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

<u>निर्णयहरू</u>

1. यस नगरपालिका वडा नं. ७ (साविक श्रीपुर गा.वि.स. वडा नं. ७) को नेपाल सरकारको नाममा दर्ता भएको कित्ता नंबर १०२९ को सरकारी जग्गामा नापी कार्यालय, बेलौरी र मालपोत कार्यालय, बेलौरीको भवन बनाउनको लागि उल्लिखित प्रत्येक कार्यालयलाई ३/३ कट्ठा र बाँकी हुन आउने अनुमानित ९ कट्ठा जमिन बेलौरी नगर कार्यपालिकाको कार्यालयको नाममा दर्ता गर्न/लिजमा लिनको लागि आवश्यक कारवाही अघि बढाइदिनको लागि सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ (संशोधन सहित) को दफा १० बमोजिमको सिफारिस समितिमा लेखी पठाउने । यस नगरपालिकाका लागि माथि उल्लेख गरिए बमोजिमको अनुमानित ९ कट्ठा जग्गामा नेपाल सरकार, सहरी विकास मन्त्रालयबाट विनियोजन भएको बहुउद्देश्यीय सभाहल र यसै नगरपालिकाबाट प्रस्तावित दलित छात्राबास निर्माण गर्ने/गराउने ।
2. यस नगरपालिका वडा नं. ६ को नेपाल सरकारको नाममा दर्ता भएको कित्ता नंबर १०६७ र १०६८ को सरकारी जग्गामा दुग्ध विकास संस्थानको भवन बनाउनको लागि सोही संस्थानको नाममा दर्ता गराउन वा लिजमा दिनको लागि सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ (संशोधन सहित) को दफा १० बमोजिमको सिफारिस समितिमा सिफारिस गरी पठाउने ।
3. यसै नगरपालिका अन्तर्गत पर्यटकीय क्षेत्र समेत रहेको बन्धातालमा माछापालन गर्नेगरी कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका वडा नंबर १३ निवासी श्री मनोजकुमार विष्टलाई मिति २०७३/०३/२३ गते पाँच वर्षको लागि ठेक्का लगाईएकोमा निजले सम्झौता बमोजिमको नियमानुसारको किस्ता रकम नबुझाएको, कार्यालयले पटक पटक ताकेता गर्दा समेत निज विष्टबाट कार्यालयलाई बुझाउनुपर्ने रकम नबुझाइरहेकाले अन्तिम पटकका लागि रकम बुझाउन १५ (पन्ध्र) दिनको समय तोकेर पत्राचार गर्ने र सो अवधिमा समेत रकम असूल हुन नसकेमा ठेक्का सम्झौता भङ्ग गरी निजबाट बक्यौता रकम सरकारी बाँकी सरह असूल उपर गर्नको लागि कानूनी प्रकृया अघि बढाउने र सो तालमा माछा पालनको लागि नयाँ ठेक्का निकाल्ने ।
4. २०७७/१२/१० गतेका दिन छैटौं नगर सभाको बैठक आयोजना गर्ने ।
5. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट विस्थापित भई हाल लालझाडी गाउँपालिकामा अस्थायी बसोबास गर्दै आएका यस नगरपालिकाका नागरिकहरूको लागि निजहरू बसेकै स्थान (लालझाडी

८३२०४
२०७७/११/२६

गाउँपालिका) मा गई भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लागि तथ्याङ्क संकलन गर्ने प्रवन्ध मिलाउने ।

6. उपभोक्ता समितिहरूबाट सञ्चालन गरिने चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नुपर्ने अन्तिम अवधी यहि चैत्र मसान्त तोक्ने । सो अवधी पछि सम्झौताको लागि आउने उपभोक्ता समितिहरूसँग सम्झौता नगर्ने । यस सम्बन्धमा सम्बन्धित वडाहरूले तदारुकताका साथ कार्य अघि बढाउने ।

7. चालू आर्थिक वर्षको वडा नं. ३ को बजेट शीर्षक महिला सीपमूलक तालीम रू. १ लाख पचास हजार बजेट रकमलाई सोही वडामा रहेको अधुरो शौचालय निर्माण कार्य पूरा गर्नको लागि बजेट शीर्षक परिवर्तन गर्ने ।

8. नेपाल पूर्व प्रहरी संगठन, इलाका कार्यसमिति, बेलौरीलाई कार्यालय सञ्चालनको लागि दराज-१, अफिस टेबुल-१, अफिस कुर्ची-१ र प्लाष्टिकका कुर्ची-२० थान कार्यालयले खरिद गरी उपलब्ध गराउने ।

9. सडक बोर्ड नेपालको चालू आर्थिक वर्ष ०७७/७८ को लागि यस नगरपालिकालाई प्राप्त बजेट रकममा नियमानुसार गर्नुपर्ने साझेदारी रकमको सुनिश्चतता गर्ने र सो रकम समपूरक कोषबाट प्रवन्ध मिलाउने ।

10. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको स्थानीय तहबाट संकलन गर्नुपर्ने लगत संकलन कार्यमा संलग्न कर्मचारी/ पदाधिकारीहरूको प्रोत्साहन तथा अन्य प्रशासनिक खर्च एवम् मसलन्द खर्चको लागि रू. १० लाख बजेटको प्रवन्ध गर्ने ।

11. नगर कार्यपालिकाको कार्यालयले गणकहरू खटाई प्रत्येक वडाबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लगत संकलन कार्य शुरू गर्न लागिरहेको विद्यमान अवस्थामा उल्लिखित कार्यको प्रचार प्रसार एवम् लगत संकलन कार्यमा प्रभावकारी योगदान पु-याउनको लागि सबै वडा कार्यालयहरू/ निर्वाचित पदाधिकारीहरूलाई अनुरोध गर्ने ।

12. नगर कार्यपालिकाको कार्यालयमा कार्यरत रोजगार संयोजक श्री नरेशप्रसाद भट्टको करार सम्झौता मिति २०७७/११/२६ देखि लागू हुनेगरी ६ (छ) महीनाको लागि थप गर्ने ।

13. बेलौरी नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने ।

(१) दफा ४ को उपदफा (३) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहाय बमोजिमका खण्ड (क), (ख) र (ग) राख्ने ।

(क) संक्षिप्त सूचीः २० अङ्क

(ख) लिखित परीक्षाः १०० अङ्क

(ग) अन्तर्वार्ताः २० अङ्क

(२) दफा ४ को उपदफा (३) पछि देहाय बमोजिमको उपदफा (३१) राख्ने ।

(३१) उपदफा (३) को खण्ड (क) को सम्बन्धमा आवश्यक मापदण्ड दफा ५ बमोजिम गठित पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) दफा ५ को खण्ड (क),(ख),(ग),(घ),(ङ),(च) र (छ) को सट्टा देहाय बमोजिमका खण्डहरू राख्ने ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतः संयोजक

(ख) कर्मचारी प्रशासन शाखाको अधिकृत स्तरको शाखा प्रमुख/ कर्मचारीः सदस्य

(ग) सम्बन्धित शाखाको अधिकृत स्तरको शाखा प्रमुख/ कर्मचारीः सदस्य सचिव

<u>नोटः उल्लिखित बमोजिमको समितिको बैठकमा सम्बन्धित विषयका विज्ञलाई संयोजकले बोलाउन सक्नेछ ।</u>

-0-

२०७८/११/२६

प्रमुख प्रशा. अधिकृत